# सूचनाको हक कार्यान्वयन सम्बन्धमा एकिकृत अनुगमन प्रतिवेदन

## (आ.ब. २०८१/२०८२)

जिल्ला हुलाक कार्यालय, दमौली

तनहुँ ।

# विषयसूचि

पृष्ठभूमी .......... 3
सूचनाको हकको अनुगमन गर्नुको उद्देश्यः .......... 5
अनुगमन गरिएको कार्यालयहरुको संक्षिप्त विवरण .......... 5
सूचना अधिकारी जिम्मेवारी सम्बन्धमा .......... 6
सार्वजनिक निकायमा मागिएको सूचना सम्बन्धमा .......... 8
प्रकाशन गर्नु पर्ने विवरण सम्बन्धमा .......... 11
सूचनाको हक कार्यान्वयन सम्बन्धमा बजेट विनियोजनः .......... 12
तालिम सम्वन्धमाः .......... 13
कार्यालय सँग सम्वन्धित अन्य विवरणः .......... 13
गोपनियताको हक सम्बन्धमाः .......... 15
अनुगमन गर्दा भोग्नु परेका समस्याहरुः .......... 16
अनुगमनमा सहजता प्राप्त विषयहरुः .......... 16
सुझावहरुः .......... 17
सारमाः .......... 17



CamScanner

## पृष्ठभूमी

सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन गर्नको लागि गण्डकी प्रदेश, तनहुँ जिल्ला अन्तर्गत रहेका बिभिन्न संघ, प्रदेश र स्थानीय स्तरका सरकारी कार्यालयहरुको अनुगमन गर्नको लागि जिल्ला हुलाक कार्यालयबाट सूचना अधिकारीको नेतृत्वमा मिति २०८२/०२/०२ गते देखि २०८२/०३/१५ गते सम्म बिभिन्न ५१ (एकाउन्न) वटा कार्यालयहरुको सम्बन्धमा सूचना अधिकारीको नियुक्ती भए/नभएको, भएको भए नाम थर, नियुक्ति मिति, सम्पर्क नम्बर, इमेल लगायतका विवरणहरु तथा सूचना अधिकारीको जिम्मेवारी नतोकिएको भए नतोकिनुको कारणहरु एवम् सूचना अधिकारीको विवरण सार्वजनिक के कसरी गरिएको छ भन्ने सवालमा (फ्लेक्स, वेबसाइट, नागरिक बडापत्र, नेम प्लेट) अनुगमन गरिएको थियो।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ र यस सम्बन्धी विभिन्न मापदण्ड अनुसार सरकारी कार्यालयबाट सूचनाको हक कार्यान्वयनको अवस्था बारेमा सेवाग्राही तथा विभिन्न पक्षहरु बाट के कति सूचनाहरु कुन कुन माध्यमबाट माग भए र मागिएका सूचनाहरु उपलब्ध गराइएको छ वा छैन भन्ने सम्बन्धमा अनुगमन गर्दै माग भएको भए माग भएको विषय, संख्या लगायतका विषयहरुको  सम्बन्धमा सूचना दिए नदिएको र दिएको भए के कस्ता माध्यमबाट दिने गरिएको छ। साथै सरकारी कार्यालयहरुबाट बिभिन्न सूचनाहरु बिभिन्न समयमा प्रकाशन गर्ने गरिन्छ र ति सूचनाहरु प्रकाशन कसरी गर्ने गरिएको छ। सूचनाहरुको बारेमा सूचना अधिकारीले तोकिएको समयमै सूचना दिने गरेको वा नगरेको तथा सूचना अधिकारीले सूचना नदिएर कार्यालय प्रमुखबाट सूचना माग गर्नु परेको वा कार्यालय प्रमुखबाट समेत सूचना नदिएर राष्ट्रिय सूचना आयोगमा पुनरावेदन परी कार्यालयबाट सूचना दिएको वा कारवाही भएको वा नभएको सम्बन्धमा सूचनाको सवालमा अनुगमन गरियो।

सार्वजनिक निकायले प्रत्येक तिन/तिन महिनामा स्वतः प्रकाशन गर्नु पर्ने विषयका सम्बन्धमा प्रकाशन गरेको वा नगरेको तथा के कस्तो माध्यममा प्रकाशन गरेको भन्ने

विषयका सम्बन्धमा तथा स्वतः प्रकाशन गर्नु पर्ने सूचनाहरु प्रकाशन नगरेको भए प्रकाशन नगरिनुको कारणहरु समेत सूचना संकलन गरियो। राष्ट्रिय सूचना आयोग तथा बिभिन्न निकायबाट सूचनाको हक सम्बन्धमा सूचना अधिकारीले र कार्यालय प्रमुखले तालिम लिएको वा नलिएको सम्बन्धमा विवरण संकलन गरिएको छ। वर्तमान सन्दर्भमा सूचनाको हक कार्यान्वन गराउनको लागि कार्यालयले बजेट

प्रमुख जिल्ला अधिकारी



CamScanner

विनियोजन गरेको छ वा छैन गरिएको भए के कति रकम विनियोजन गरिएको हो/ नगरिएको भए कारण खुलाउने भन्ने विषयमा समेत विभिन्न विवरणहरु संकलन गरियो।

वर्तमान समयमा विभिन्न किसिमका सूचना प्रविधिको विकास भएको छ र सरकारी कार्यालयहरुबाट डिजिटल नागरिक बडापत्र तथा कार्यालयबाट बिभिन्न सूचनाहरु वेबसाइट, फेसबुक पेज मार्फत प्रकाशन गर्ने गरिएको पाइन्छ। सूचनाहरु मौखिक रुपमा समेत माग्ने गरिन्छ ति मागिएका सूचनाहरु प्रदान कसरी प्रदान गर्ने गरिएको छ तथा कार्यालयको सम्बन्धमा अपाङ्गमैत्री भवन भए/नभएको, कार्यालयका डिजिटल नागरिक बडापत्र राखिएको छ वा छैन एवम् सूचना पाटिमा सूचना टाँस गर्ने गरिएको छ र ति सूचना टाँस गरिन्छ। सूचनाहरु प्रदान गरिएको हुन्छ उक्त सूचना प्रदान बाट सेवाग्राहि कति लाभ प्राप्त गरेका छन्। सूचना प्रदान गर्नु सार्वजनिक निकायको दायित्व हो भने कानून बमोजिम प्रदान गर्न मिल्ने सूचनाहरु प्राप्त गर्नु नागरिकको अधिकार हो। सबैले देख्ने गरी कार्यालयको बोर्ड राखिएको छ वा छैन र उक्त कार्यालयले नागरिकको हितमा के कस्ता सूचनाहरु प्रकाशन गर्दै आइरहेको छ। कार्यालयमा सूचना अधिकारी तोकिएको हुन्छ र उक्त सूचना अधिकारीलाई कार्यालयको सम्बन्धमा सूचना दिनु कार्यालयक प्रमुखको भूमिका हो।

राष्ट्रिय सूचना आयोगले आर्थिक वर्ष २०८१/८२ को लागि सूचनाको क्षेत्रमा भएको प्रगती पठाउनु भनि यस जिल्ला हुलाक कार्यालयको लागि रु. २५,३००/- (पच्चिस हजार तीन सय रुपैयाँ मात्र) विनियोजन गरेको थियो। राष्ट्रिय सूचना आयोगले प्रत्यायोजित अधिकारको अधिनमा रहि बिभिन्न सरकारी कार्यालयहरुको अनुगमन गरिएको छ।

सूचनाको सम्बन्धमा तथा सूचना अधिकारीको विषयमा गरिएको अनुगमन गर्दा भोग्नु परेका समस्याहरु एवम् कार्यालयहरु बाट के कस्तो किसीमले सहयोग वा असहयोग प्राप्त भयो भन्ने विषयका सवालमा समेत उल्लेख गरिएको छ। सूचना प्रदान गर्न कार्यालयहरुमा सेवाग्राहिहरु के कति आएका रहेछन् तथा उक्त विषयमा कानून बमोजिम प्रदान गर्नु पर्ने सूचनाहरु प्रदान गर्ने गरिएको छ वा छैन भन्ने सवालमा समेत् उल्लेख गरिएको छ।

सूचनाको हकको सम्बन्धमा नागरिकहरु कतिको सूसुचित भएका छन्। नागरिकहरुको के कस्तो अपेक्षा रहेको छ र सार्वजनिक सेवा प्राप्त गर्दा के कस्ता समस्याहरु भोग्नु परेको छ भन्ने विषयमा गुनासो गर्ने गरेका छन् वा छैनन् र ति गुनासोको व्यवस्थापन गर्न गुनासो अधिकारी जिम्मेवारी तोकिएको छ वा छैन भन्ने विषयमा समेत अनुगमन गरियो।

संवैधानीक रुपमा समेत मौलिक हकको रुपमा नेपालको संविधानको भाग ३ धारा २७ मा सूचनाको हकको व्यवस्था गरिएको छ। सार्वजनिक निकाय वा आफ्नो सरोकारको विषयमा सूचना माग्नु र प्राप्त

४

प्रमुख जिल्ला अधिकारी

CamScanner

गर्नु प्रत्येक नागरिकको अधिकार हो। तर, कानून बमोजिम प्रदान गर्न नमिल्ने सूचनाहरु प्रदान गर्न कसैलाई बाध्य पारिने छैन। सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र नियमावली, २०६५ मा समेत सूचनाको हक कार्यान्वयन गर्ने सवालमा बिभिन्न विषयहरु खुलाएको अवस्था छ।

## सूचनाको हकको अनुगमन गर्नुको उद्देश्यः


i. सार्वजनिक कार्यालयबाट सम्पादन हुने कार्यको सूचना प्रकाशन के कसरी गरिएको छ भन्ने विषयमा जानकारी प्राप्त गर्नु,
ii. सूचनाको हक सम्बन्धी ऐन र नियमावली अनुसार स्वतः प्रकाशन गर्नु पर्ने विषयहरु कानून बमोजिम प्रकाशन भएको/नभएको सम्बन्धमा जानकारी प्राप्त गरी प्रकाशन नगरेको भए प्रकाशन गर्न लगाउनु,
iii. सार्वजनिक निकायबाट स्वतः प्रकाशन गरिने विषयहरु कुन कुन माध्यमबाट प्रकाशन गर्ने गरिएको हो र प्रकाशन नगरिएको भए बिभिन्न माध्यमबाट प्रकाशन गर्नु लगाउनु,
iv. सूचना अधिकारीको जिम्मेवारी तोकिएको छ वा छैन सो बारेमा जानकारी प्राप्त गर्दै जिम्मेवारी नतोकिएको भए सो सम्बन्धमा जिम्मेवारी तोक्न लगाउने,
v. सूचना अधिकारीको सम्बन्धमा फ्लेक्स, वेबसाइट, नागरिक बडापत्र र नेम प्लेटमा विवरण सार्वजनिक गरेको छ वा छैन अनुगमन गरि प्रकाशन नगरिएको भए गर्न लगाउने,
vi. आर्थिक वर्ष २०८१/०८२ मा कार्यालयहरुमा लिखित रुपमा सूचना माग गरिएको छ कि छैन र मागिएको भए कुन विषयमा मागिएको हो र मागिएको संख्या सम्बन्धमा अनुगमन गर्ने,
vii. मागिएको सूचनाको सम्बन्धमा अभिलेख राखिएको छ वा छैन सो सम्बन्धमा अनुगमन गरी नराखिएको भए अभिलेख राख्न लगाउने,
viii. कार्यालय सँग सम्बन्धित विवरणहरुमा डिजिटल नागरिक बडापत्र, अपाङ्गमैत्री भवन, कार्यालयको बोर्ड भएको नभएको सम्बन्धमा अनुगमन गरी विवरण संकलन गर्ने,
ix. मौखिक रुपमा मागिएको सूचनाहरु के कसरी प्रदान गर्ने गरिएको सो सम्बन्धमा विवरणहरु संकलन गर्नु,

## अनुगमन गरिएको कार्यालयहरुको संक्षिप्त विवरण

मिति २०८२ जेष्ठ १ गते बिहिबार सूचनाको हकको संरक्षण तथा सम्वर्दनका लागि सूचनाको हक कार्यान्वयन सम्बन्धी जिल्ला अनुगमन इकाईका अध्यक्ष प्रमुख जिल्ला अधिकारी ज्यूको अध्यक्षतामा

प्रमुख जिल्ला अधिकारी


बसेको बैठकको निर्णय नं. ३ बमोजिम सोही निर्णयबाट स्वीकृत अनुगमन फारम सहित जिल्ला स्थित सरकारी कार्यालयहरुको अनुगमन गरी एकिकृत प्रतिवेदन तयार गरी पेश गर्ने निर्णय बमोजिम देहाय बमोजिकमको कार्यालयमा पुगि अनुगमन गर्ने कार्य सम्पन्न गरियो ।




## सूचना अधिकारी जिम्मेवारी सम्बन्धमा

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ६(१) सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारीको व्यवस्था गर्नेछ भन्ने व्यवस्था बमोजिम सार्वजनिक निकायले सूचना अधिकारी तोकिएको नतोकिएको सम्बन्धमा अनुगमन गर्दा देहाय बमोजिमको अबस्था पाएको छ।


प्रमुख जिल्ला अधिकारी




माथि उल्लेखित विवरण अनुसार करीब सबै कार्यालयहरुमा सूचना अधिकारीको जिम्मेवारी तोकिएको पाइएको छ भने नतोकिएका कार्यालयहरुमा नतोकिनुको कारण कार्यालयको संरचना र आवश्यकता नठानिएको भन्ने विवरण प्राप्त भयो सो सम्बन्धमा सूचना अधिकारी तत्काल तोक्ने भनि व्यवस्था मिलाउन अनुरोध गरीयो।


सूचना अधिकारीको विवरणहरु बारेमा फ्लेक्स, वेबसाइट, नागरिक बडापत्र र नेम प्लेट लगायतका विवरणहरुमा सूचना अधिकारीको विवरण खुलाएको छ वा छैन भनी अनुगमन गर्दा सबै आयामा न्यून कार्यालयले मात्र सूचना अधिकारीको विवरण प्रकाशन गरेकोमा धेरै कार्यालयले एक वा दुई माध्यममा मात्र सूचना अधिकारीको विवरण प्रकाशन गरेको तथ्यांकलाई तलको बार चार्टमा प्रस्तुत गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी




## सार्वजनिक निकायमा मागिएको सूचना सम्बन्धमा


आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सूचना माग्नु र प्राप्त गर्नु नागरिकको अधिकार हो भने उक्त सूचना तोकिएको समय भित्र उपलब्ध गराउनु सार्वजनिक निकायको दायित्व हो। तर, कानून बमोजिम प्रकाशन गर्न र प्रदान गर्न नमिल्ने सूचनाहरु कानून बमोजिम बाहेक कसैलाई दिन बाध्य पारिने छैन। सार्वजनिक निकायमा माग भएको विषय र संख्याहरु विवरण संकलन गर्ने सिलसिलामा न्यून मात्रामा मात्र सूचनाहरु माग गरिएको पाइएको छ ।





नागरिकहरुले सूचना प्राप्त गर्न लिखित भन्दा मौखिक रुममा नै धेरै मागिएको पाइएको छ। जसमा मौखिक रुपमा मागिएको सूचनाक अभिलेख भने राखिएको रहेनछ। लिखित रुममा माग गरिएका

प्रमुख जिल्ला अधिकारी

सूचनाहरुको सम्बन्धमा अभिलेख तयार गरी अभिलेख राखिएको पाइएको छ। मौखिक रुपमा माग गरिएको सूचनाहरु दिए नदिएको सम्बन्धमा सेवाग्राहीले मौखिक रुपमा मागिएको सूचनाहरु मौखिक रुपमा नै प्रदान गरिएको पाइएको छ। जसमा प्रत्यक्ष कार्यालयमा उपस्थित भइ मागेको र फोन सम्पर्क मार्फत मागिएको सूचना प्रत्यक्ष भए तत्काल दिन सकिने प्रकृतिको भए तत्काल र नसकिने भए पछि फोन सम्पर्क गरी दिने गरिएको पाइयो भने फोन सम्पर्क मार्फत मागिएको सूचनाहरु फोन सम्पर्क मार्फत नै दिने गरिएको पाइएको छ। लिखित रुपमा माग भई आएका सूचना दिएको अवस्थालाई यसरी हेर्न सकिन्छ ।






प्रमुख जिल्ला अधिकारी



CamScanner




सूचनाहरु सूचना अधिकारी समक्ष मागिएको र सूचना अधिकारीले नदिएर कार्यालय प्रमुख समक्ष पुग्नु नपरेको पाइयो भने मौखिक रुपमा माग गरिने सूचनाहरु सूचना अधिकारी समक्ष नमागिकन कार्यालय प्रमुख समक्ष मागिएको पाइएको छ। दिएका सूचनाहरु सूचनाको हक सम्बन्धी ऐन र नियमावलीमा उल्लेख गरिएको सूचनाहरु कानूनबमोजिम तोकिएको समयसिमा भित्र प्रदान गर्ने गरिएको पाइयो।




प्रमुख जिल्ला अधिकारी

## प्रकाशन गर्नु पर्ने विवरण सम्बन्धमा

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३)मा उल्लेखित विवरणहरु समाहित गरि प्रत्येक तिन/तिन महिनामा स्वतः प्रकाशन गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। उल्लेखित विवरणहरु समावेश गरी प्रकाशन गरे नगरेको बारेमा गरिएको अनुगमन बाट करिब सबै कार्यालयले प्रत्येक तिन/तिन महिनामा देहायबमोजिमका विवरणहरु समाहित गरी प्रकाशन गरीएको पाइएको छः

i. निकायको स्वरुप र प्रकृति,
ii. निकायको काम, कर्तव्य र अधिकार,
iii. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण,
iv. निकायबाट प्रदान गरिने सेवा,
v. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी,
vi. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि,
vii. निर्णय गर्ने प्रक्रिया र अधिकारी,
viii. निर्णय उपर उजुरी सुन्ने अधिकारी,
ix. सम्पादन गरेको कामको विवरण,
x. सूचना अधिकारी र प्रमुखको नाम र पद,
xi. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,
xii. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण,
xiii. तोकिए बमोजिमका अन्य विवरण आदि।


उल्लेखित विवरणहरु कार्यालयको सूचना पाटि र वेबसाइटमा प्रकाशन गर्ने गरिएको पाइएको छ भने स्वतः प्रकाशन गरिएको विवरण एक/एक प्रति जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाक कार्यालयमा समेत पठाइदिनुहुन आग्रह गरिएको छ।

सार्वजनिक निकायकले स्वतः प्रकाशन गर्नु पर्ने बाहेकका नियमित गर्नु पर्ने कार्यसम्पादनको सिलसिलामा प्रकाशन गर्नु पर्ने विवरणहरु के कसरी प्रकाशन गर्ने गरिएको छ भन्ने विषयमा भने कार्यालयले सूचना पाटि, सम्बन्धित कार्यालयको वेबसाइट, फेसबुक पेज तथा केही महत्वपूर्ण सूचनाहरु पत्रपत्रिका, रेडियो एफ.एम. र टेलिभिजनमा समेत प्रकाशन गरेको र गर्न लगाइएको पाइएको छ ।

प्रमुख जिल्ला अधिकारी




CamScanner




## सूचनाको हक कार्यान्वयन सम्बन्धमा बजेट विनियोजन:

सार्वजनिक निकायहरुमा सूचना प्रदान गर्न तथा ति सूचनाहरुको संकलन तथा व्यवस्थापन गर्नको लागि के कति रकम विनियोजन गरिएको छ भन्ने प्रश्न राखि अनुगमन गरिएको थियो सो सम्बन्धमा कार्यालयमा सूचनाको सम्बन्धमा बजेट विनियोजन नभएको पाइएको छ जसलाई तलको बार चित्र बाट पनि छर्लङ्ग देख्न सकिन्छ:-




सूचनाको हक कार्यान्वयनमा बजेट आवश्यक रहेको छ र विनियोजन गर्नु पर्ने देखि अनुगमन गर्दा यसलाई त्यति महत्वपूर्ण नमानि बजेट विनियोजन नगरिएको भन्ने पाइएको हो।

प्रमुख जिल्ला अधिकारी

## तालिम सम्बन्धमाः

राष्ट्रिय सूचना आयोग तथा अन्य निकायले सयम समयमा सूचनाको हकको कार्यान्वयन सम्बन्धमा दिने तालिम कार्यालय प्रमुख र सूचना अधिकारीले लिए नलिएको भन्ने विषयमा गरिएको अनुगमन बाट तालिम नलिएको पाइएको छ।


| सूचना अधिकारीले तालिम | लिएको | नलिएको |
|---|---|---|
| संघीय कार्यालयहरु | ४ | १३ |
| प्रदेशका कार्यालयहरु | २ | १५ |
| स्थानीय तहका कार्यालयहरु | ४ | ६ |
| संघ/संस्थान/बित्तिय निकायहरु | १ | ६ |


मागिएको विषयमा के कसरी सूचना प्रदान गर्ने र कस्ता कस्ता सूचनाहरु प्रदान गर्न मिल्ने र कस्ता कस्ता सूचनाहरु दिन बाध्य नहुने विषयमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को ३(३) मा स्पष्ट रुपमा उल्लेख गरिएको छ तर कार्यालयमा कार्यालय प्रमुख र सूचना अधिकारीले उक्त विवरणहरु छुट्टाउन केही दुविधा सिर्जना भएको र तालिम समेत नलिएको हुदाँ अन्योलन भएको भन्ने पाइएको छ। सूचना जस्तो महत्वपूर्ण विषयमा तालिम लिनु र दिनु दुबै महत्वपूर्ण रहने गर्दछ भन्ने कुरा अनुगमन गर्ने सिलसिलामा बुझियो।


## कार्यालय सँग सम्बन्धित अन्य विवरणः

सार्वजनिक निकाय सम्बन्धमा कार्यालयहरु के कस्तो छन् र सेवाग्राही मैत्री छन् वा छैनन् भनि अनुगमन गर्दा देखिएको बस्तुस्थिति निम्न प्रकारको देखिन्छ


प्रमुख जिल्ला अधिकारी




प्रमुख जिल्ला अधिकारी




**नोट: अनुगमनका क्रममा कुनै पनि कार्यालयहरु पूर्ण रुपमा अपाङ्गमैत्री नभई आशिंक रुपमा मात्र रहेको पाइयो**

**<u>विश्लेषण:-</u>** धेरै जसो कार्यालयको भवनहरु पुरानै प्रकृतिको पाइएकोले गर्दा अपाङ्गमैत्री नभएको पाइएको छ भने नयाँ मापदण्ड बमोजिम निर्माण गरिएको भवनहरु भने अपाङ्गमैत्री भएको पाइएको छ। कार्यालयको बोर्ड सम्बन्धमा भने सबै कार्यालयले सबैले देख्ने ठाउँमा राखिएको छ र कतिपय कार्यालयको त डिजिटल कार्यालयको बोर्ड समेत रहेको पाइयो यसले संकेत गर्दछ कि सूचना प्रविधिमा नागरिक र सेवा प्रदाक निकायहरु अद्यावधिक भएको पाइयो। सूचना पाटि सबै कार्यालयले राखेको र उक्त सूचना पाटिमा सूचनाहरु नियमित रुपमा टाँस गर्ने गरिएको पाइएको छ। डिजिटल नागरिक बडापत्र भने कार्यालयहरुले क्रमस राख्दै गएको पाइएको छ। कार्यालयहरुमा सेवा प्रदानलाई सहज बनाउन नेम प्लेट तथा कोठा नम्बरहरु समेत उल्लेख गर्दै कर्मचारीको नाम पद समेत खुलाएको पाइयो। हेल्प डेक्स खडा गर्दै सेवाग्राहीलाई सेवा प्राप्तमा अन्योलता नआयोस भनि सहजिकरण गरिएको पाइएको छ।

## गोपनियताको हक सम्बन्धमा:

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३) बमोजिम नेपालको सार्वभौमसत्ता राष्ट्रिय एकता र अक्षुण्डतामा अघात पार्ने, अपराधको अनुसन्धान तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने लगायतका सूचनाहरु दिन नमिल्ने भन्ने विषय उल्लेख गरिए अनुसार सम्पूर्ण सार्वजनिक निकायले कानून बमोजिम दिन नमिल्ने र प्रकाशन गर्न नमिल्ने सूचनाहरु कानून बमोजिम नै गोप्य राखेको पाइएको छ। सरकारी

प्रमुख जिल्ला अधिकारी

CamScanner

वकिलको कार्यालय, जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय तथा स्वास्थ्य कार्यालय जस्ता कार्यालयहरुमा गोपनियता कायम गर्नु पर्ने हुदाँ सबै मागिएको सूचना दिएको छैन र सो सम्बन्धमा कानून बमोजिम दिन मिल्ने सूचनाहरु प्रवाह गर्ने गरिएको पाइएको छ।

## अनुगमन गर्दा भोग्नु परेका समस्याहरु:

जिल्ला हुलाक कार्यालय बाट सूचना अधिकारीको नेतृत्वमा खटिएको कर्मचारीले संघ, प्रदेश र स्थानीय स्तरका सरकारी कार्यालयमा पुग्दा भोग्नु परेका समस्याहरु तपशिल बमोजिम रहेका छनः

i. सरकारी कार्यालयहरुमा सूचनाको हक सम्बन्धमा अनुगमन गर्न जिल्ला हुलाक कार्यालयबाट आएको हो भनि आधिकारीक पत्र समेत बुझाउँदा पनि विवरणहरु उपलब्ध गराउन असहज मानेको,

ii. कार्यालयहरुले अद्यावधिक गरी विवरण राख्ने नगरेको र राखिएको विवरणहरु समेत अपूर्ण रहेको पाइएको हुदाँ कार्यालय प्रमुख तथा सूचना अधिकारी आफ्नो जिम्मेवारी बाट पन्छिन खोज्ने प्रवृत्ति देखिएको,

iii. कार्यालय प्रमुखले सूचना अधिकारी समक्ष तोक लगाइ पठाइ सके पश्चात् पनि सूचना अधिकारीहरुले उक्त पत्रको वेवास्था गरी अन्य शाखाका कर्मचारीहरुलाई विवरण उपलब्ध गराउन भनेको जसले गर्दा सूचना अधिकारीले अनुगमन गर्न आएका कर्मचारीप्रति वेवास्था गरिएको पाइएको छ,

iv. कार्यालयहरुमा कार्यालय प्रमुख र लेखा उत्तरदायी अधिकृतले विवरणहरु सूचना अधिकारीलाई प्रदान नगरेको र समयमै सूचना प्रदान गर्न नसकेको भन्ने समस्या देखियो,

v. केही कार्यालयहरुमा अनुगमन गर्दा शाखै पिच्छे डुलाउने र अनुगमन गर्ने टोलीलाई समेत असहयोग गरेको पाइयो,

vi. स्थानीय निकायहरुमा बैठक बसेको भनि करीब धेरै जसोमा धेरै समय सम्म समेत कुर्नु परेको छ साथै सूचना अधिकारीहरुले विवरणहरु अद्यावधिक नगरेको पाइयो,

## अनुगमनमा सहजता प्राप्त विषयहरु:

जिल्ला हुलाक कार्यालय बाट खटिएको टोलिलाई केही कार्यालयहरुले समयमै विवरणहरु उपलब्ध गराएको, विवरणहरु अद्यावधिक गरी राखिएको पाइएको छ। कार्यालयमा सूचना अधिकारीको फलेक्स

प्रमुख जिल्ला अधिकारी

CamScanner

सबैले देख्ने ठाउँमा राखेको पाइएको छ। उक्त सूचना अधिकारीको विवरण प्राप्त गर्न यसले सहजता प्राप्त भएको पाइयो। अनुगमन गर्दा टाढा टाढा सम्म पुग्नु परेको तर त्यहाँ पुग्दा सहजिकरण गर्दा काम गर्दा नै मन प्रफुलित महसुस भएको हो।

## सुझावहरुः

तनहुँ जिल्ला भित्र रहेका संघ, प्रदेश र स्थानीय स्तरका सरकारी कार्यालयहरुमा अनुगमन गर्दा विभिन्न किसीमका सुझावहरु प्राप्त भएका छन् । सुझावहरुलाई तपशिल बमोजिम उल्लेख गर्न सकिन्छः

i. सूचना अधिकारीको जिम्मेवारीलाई गहन रुपले ग्रहण गर्दै विवरणहरु कानूनबमोजिम नै अद्यावधिक गरी राख्नु पर्ने,
ii. सूचना अधिकारी र कार्यालय प्रमुखलाई समय समयमा सूचनाक हक र कार्यान्वयन सम्बन्धमा तालिमहरु प्रदान गर्नु पर्ने,
iii. कानूनी व्यवस्थाहरु समय समयमा संशोधन हुने हुदाँ ति व्यवस्थाहरु प्रति सूचना अधिकारीहरु र कार्यालय प्रमुख अद्यावधिक भइ रहनु पर्ने,
iv. कार्यालयहरुमा सूचना मागको सम्बन्धमा छुट्टै अभिलेख खडा गरी अभिलेख व्यवस्थापन गर्ने पर्ने र ति अभिलेखलाई रजिष्टंरमा समेत जनाइ दर्ता गरी राख्नु पर्ने,
v. नागरिकहरुले मौखिक रुपमा मागिएका सूचनाहरु तत्काल दिन सकिने प्रकृतिका भए तत्काल र दिन नसकिने प्रकृतिका भए जानकारी गराइ सक्दो छिटो उपलब्ध गराउनु पर्ने,
vi. सूचना अधिकारिको जिम्मेवारी प्राप्त कर्मचारी सरुवा भइ अन्यत्र गइ सके पश्चात् समयमै सूचना अधिकारीको जिम्मेवारी कार्यालयको दोस्रो वा तेस्रो स्तरको कर्मचारीलाई तोक्नु पर्ने,
vii. कार्यालयहरुमा सूचना अधिकारीको फ्लेक्स सबैले देख्ने ठाउँमा राख्नु पर्ने तथा कार्यालयको वेबसाइट, नागरिक बडापत्रमा समेत खुलाउनु पर्ने,
viii. कार्यालय प्रमुख र सूचना अधिकारी बिच समन्वय सहजिकरण गर्दै कार्य तथा समयमै नागरिकलाई सूचना उपलब्ध गराउने आदि।

## सारमाः

सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ र वर्तमान नेपालको संविधानको भाग ३ धारा २७ मा सूचनाको हकको व्यवस्था गरिएको छ। मिति २०८२ जेष्ट ०२ गते बाट २०८२ अषार १५ गते सम्म गरिएको अनुगमन जिल्ला हुलाक कार्यालय, तनहुँ का सूचना अधिकारीको नेतृत्वमा गरिएको हो। सूचनाको हक कार्यान्वयनमा सर्वप्रथम नागरिक सूसुचित हुन जरुरी देखिन्छ

प्रमुख जिल्ला अधिकारी

भने सार्वजनिक निकायबाट पनि सूचनाको हक कार्यान्वयन सम्बन्धमा नागरिकहरु सगँ समय समयमा अन्तरक्रिया जस्ता कार्यक्रमहरु गर्नु पर्ने देखिन्छ।

सूचनाहरु प्रवाह गर्दा कानूनबमोजिम माग गरिएका सूचनाहरु प्रवाह गर्नु पर्दछ भने प्रवाह गर्न नमिल्ने सूचनाहरु गोप्य राख्नु पर्दछ। सार्वजनिक निकायमा माग गरिएका सूचनाहरु अभिलेख खडा गरी राख्दा अभिलेख व्यवस्थापनमा समेत सहजिकरण हुन जान्छ। फलस्वरुप सूचना माग र प्रदानको अवस्था बारेमा जानकारी सहजै प्राप्त गर्न सहज हुने गर्दछ।

प्रमुख जिल्ला अधिकारी



CamScanner